# नौगाड गाउँपालिका

**Naugad Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

होपरीगाड, दार्चुला

Hoparigad, Darchula

सुदूरपश्चिम प्रदेश, नेपाल

Sudurpaschim Provence, Nepal

प.सं. २०८२।०८३ | मिति: २०८३।०३।३१

च.नं. 9632 | ने.सं. ११४६ दिल्लाथ्वः पारु, बुधबार

## सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषय सम्बन्धमा यस गाउँपालिकाको सबै वडाहरूबाट आर्थिक वर्ष २०८२।०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले आ.व. २०८३।०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न **"सामाजिक सुरक्षा ऐन २०७५, नियमावली २०७६, को दफा ९, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७" र सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ बमोजिम श्रावण १ गते देखि असोज मसान्त सम्म** अनिवार्य नवीकरण गर्नुपर्ने भएकोले अनुसूची २ बमोजिमको ढाँचामा लाभग्राही स्वंयम उपस्थित भई आफूलाई पायक पर्ने वडा कार्यालयमा निवेदन दिनु पर्ने, बालबालिका, पूर्ण अपाङ्ग र ९० वर्ष माथिका जेष्ठ नागरिकहरूको हकमा आवश्यक कागजात सहित संरक्षक तथा माथवर उपस्थित भई नवीकरण गर्न गराउन हुन सम्बन्धित लाभग्राहीहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिन्छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणका लागि आवश्यक पर्ने कागजपत्रहरु:**

| क्र.सं. | सामाजिक सुरक्षा किसिम | आवश्यक कागजातहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नागरिकता | फोटो | मृत्यु दर्ता | अविवाहित सिफारिस | जन्म दर्ता | संरक्षकको नागरिकता | राष्ट्रिय परिचयपत्र नं वा भर्पाई |
| १ | जेष्ठ नागरिक अन्य/ जेष्ठ नागरिक दलित | √ | √ | | | | | √ |
| २ | जेष्ठ नागरिक एकल महिला र विधवा महिला | √ | √ | √ | √ | | | √ |
| ३ | अपाङ्गता भएका व्यक्ति क वर्ग | √ | √ | | | √ | √ | |
| ४ | अपाङ्गता भएका व्यक्ति ख वर्ग | √ | √ | | | √ | | √ |
| ५ | दलित बालबालिका | | √ | | | √ | √ | |

*नोटः माथि उल्लेखित लाभग्राही मध्ये जेष्ठ नागरिक ९० वर्ष माथि, क वर्ग अपाङ्ग र दलित बालबालिका बाहेकाहरूलाई राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिएको छ । थप जानकारीका लागी सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा सम्पर्क नं. ९८६५७००७००, ९८६८७१७५०२, ९८६८८८८६८५.*

८३।०३।३१

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत